# रसुवागढी हाइड्रोपावर लिमिटेड

## मिति २०८३/०५/१० गते आएको विनासकारी बाढीमा परी बेपत्ता भएका तथा मृत्युवरण गरेका कम्पनीका कर्मचारीहरूको परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धमा

## कम्पनीद्वारा जारी प्रेश विज्ञप्ती

यस कम्पनीद्वारा रसुवा जिल्लाको टिमुरेमा प्रवर्धित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको श्रोतनदी भोटेकोशीमा मिति २०८३ भदौ १० गते आएको विनासकारी बाढीका कारण आयोजनाका अधिकांश संरचनाहरूमा अकल्पनिय क्षति पुग्नुका साथै जलविद्युत् केन्द्रमा तत्कालिन अवस्थामा कार्यरत यस कम्पनीका नियमित करार सेवा तर्फका ५० र दैनिक ज्यालादारी तर्फका २ जना गरी जम्मा ५२ जना कर्मचारीहरू हालका मितिसम्ममा पनि बेपत्ता हुनुहुन्छ भने १ जनाको शव पहिचान भएको छ। त्यसैगरी यस कम्पनीका संचालक श्री सुनौं औंदी तमाङ समेत आयोजनाको साइट कार्यालय रहेको स्थान घट्टेखोलाबाट सम्पर्क विहिन हुनुभएको छ। साथै विभिन्न ठेकेदार कम्पनीका जम्मा ३९ जना कर्मचारीहरू/कामदारहरू समेत हालका मितिसम्म बेपत्ता रहेको विवरण ठेकेदारहरूबाट प्राप्त भएको।

कम्पनीले आफ्नो सम्पूर्ण शक्ति सम्पर्क विहिन कर्मचारीहरूको सम्भावित खोजी तथा उद्धारमा लगाएको भएतापनि हालका मिति सम्ममा पनि बेपत्ता कुनै पनि कर्मचारीहरूको अवस्था पत्ता नलागेबाट सकुशल उद्दार गर्ने हाम्रो प्रयत्न असफल हुँदा हामी अत्यन्त निराश छौं भने पिडामा रहनुभएका कर्मचारीका परिवार/आफन्तजनहरूका सामु निशब्द भएका छौं। यस अकल्पनिय र अपुरणिय क्षतिबाट कम्पनी मर्माहित भएको छ।

रसुवागढी जलविद्युत आयोजना भौगोलिक रूपमा अत्यन्तै कठिन स्थानमा रहेको आयोजना हो। नेपाल-चीन सिमाक्षेत्र नजिकै अवस्थित यस आयोजना स्याफ्रुबेंसीबाट १६ कि.मि. को दुरीमा रहेको छ। उक्त दुरीमा रहेको सडक र ४ वटा पक्की पुलहरू पूर्णतया क्षतिग्रस्त छन्। हाल रसुवा जिल्ला नै सडक सञ्जालबाट टाढा रहेको अवस्थामा क्षतिग्रस्त उक्त सडक तथा पुलहरूको निर्माण विना आयोजनास्थल पुग्ने अन्य कुनैपनि विकल्प नरहेकाले सोको निर्माण पश्चात मात्र कम्पनीले आवश्यक मेसिन उपकरणहरू साइटमा पुर्याउन सक्ने र सो पश्चात मात्र आयोजनास्थलमा आफ्ना गतिविधिहरू अघि बढाउन सक्ने अवस्था रहेको व्यहोरा सम्पूर्ण सरोकारवाला समक्ष अनुरोध गर्दछौं।

जलविद्युत केन्द्र प्रमुख सहित कम्पनीको ठूलो जनशक्ति विनासकारी बाढीमा परी बेपत्ता भएको तथा सकुशल रहेका कर्मचारीहरूले समेत परिवार/आफन्तजन गुमाई शोक तथा पिडामा रहेको अवस्थामा ज्यादै न्यून जनशक्तिबाट बेपत्ता कर्मचारीका परिवार/आफन्तजनसंग पर्याप्त सम्पर्क-संवाद गर्न तथा आफ्नो रितिरिवाज परम्परा अनुसार गरिने काजकिरिया स्थलमा समेत समवेदना प्रकट गर्न जान नसक्दा हामीलाई थप पिडाबोध भएको छ। यसबाट परिवार/आफन्तजनहरूले कम्पनी परिवारविना सामना गर्नुपरेको यस विषम परिस्थिति प्रति कम्पनी क्षमायाचना गर्दछ।

यद्यपी, काठमाडौं उपत्यकामा रहनुभएका बेपत्ता तथा मृतक कर्मचारीका परिवार/आफन्तजनसंग कम्पनी व्यवस्थापनका प्रतिनिधिहरूबाट उहाँहरू बस्नुभएको स्थानमा गई ३६ परिवारसंग भेटघाट गरिएको छ। अधिकांश आश्रित परिवारजनहरूको अवस्था अत्यन्त दयनीय र आर्थिक रूपमा समेत कमजोर रहेको पाइएको हुँदा उहाँहरूले भेटघाटको क्रममा कम्पनीबाट तत्काल आर्थिक सहयोगको अपेक्षा गर्नुभएकाले बेपत्ता तथा मृत्युवरण गरेका कम्पनीका कमर्चारीहरूको नजिकको हकवालाले नियमानुसार पाउने अन्य रकमहरू प्राप्त गर्न आवश्यक कागजातहरूको अभावले थप समय लाग्ने भएकाले पिडित परिवारको हालको आर्थिक अवस्थालाई केहि सहज

बनाउन कानून बमोजिम प्रमाणित हुने निजहरूका नजिकका हकवालालाई प्रति कर्मचारी रू. ५,००,०००।(अक्षरेपी पाँच लाख मात्र) का दरले तत्काल राहत स्वरूप नगद रकम उपलब्ध गराउने सम्बन्धमा कम्पनीको संचालक समितिबाट निर्णय भएको छ। उक्त रकमको भुक्तानीका लागि सम्बन्धित वडा कार्यालयबाट बेपत्ता/मृतकसंगको नाता प्रमाणित तथा नजिकको हकवाला सिफारिस सहितको काजगात कम्पनीलाई उपलब्ध गराईदिनुहुन सम्पूर्ण बेपत्ता तथा मृतकका परिवारजन समक्ष यस कम्पनी हार्दिक अपिल गर्दछ।

कम्पनीको तर्फबाट प्राप्त हुने उल्लेखित नगद राहत रकमको अलावा बेपत्ता कर्मचारीहरूले मृत्युवरण गरेको प्रमाणित हुने कागजात नेपाल सरकारबाट प्राप्त भएको अवस्थामा निज कर्मचारीका परिवारले पाउने कम्पनीको तर्फबाट गरिएको दुर्घटना बीमा वापतको रकम, सामाजिक सूरक्षा कोषमा कम्पनीले जम्मा गरिदिएको रकम र कोषको सदस्य भएवापत नियमानुसार कोषले उपलब्ध गराउने; कुनै कर्मचारी कार्यस्थलमा कार्य गरिरहेकै बखत कुनै दुर्घटनामा परी मृत्युवरण गरेमा विवाहितको हकमा श्रीमान नरहे श्रीमतीले र श्रीमती नरहे श्रीमानले कुनै रोजगारी नभएको अवस्थामा आजिवन पाउने हालको तलव (आधारभुत तलव तथा ग्रेड वापतको रकम) को ६०% ले हुने पेन्सन वापतको रकम र १८ वर्ष नपुगेका छोराछोरी भएमा निजहरू २१ वर्ष नपुग्दासम्म शैक्षिकबृत्तिका लागि हालको तलवको ४०% ले हुने रकम, साथै अविवाहितको हकमा बाबुआमाले पाउने हालको तलवको ६०% पेन्सन वापतको रकम, कर्मचारीहरूले स्वेच्छिक रूपमा नागरिक लगानी कोषमा जम्मा रहेको रकम र मृत्युवरण गरेमा कोषले उपलब्ध गराउने क्षतिपूर्ति तथा किरिया खर्च वापतको रकम, कर्मचारीहरूको संचित बिदा वापतको रकम समेतको प्राप्तिका लागि कम्पनीले बेपत्ता कर्मचारीका परिवारजनलाई पूर्ण रूपमा आवश्यक सहयोग तथा सहजिकरण गर्ने व्यहोरा सम्पूर्ण परिवारजन समक्ष जानकारीका लागि अनुरोध छ।

............................

(पुष्कर अमात्य)
निमित्त प्रमुख कार्यकारी अधिकृत
मितिः २०८३/०६/१३